## गढवा सरकारको एक वर्ष

# जग बलियो बनाउन गुरुयोजना

❑ दशरथ घिमिरे



गढवा (देउखुरी), ६ जेठ। गढवा गाउँपालिकाले वडा नं. १ लाई औद्योगिक क्षेत्र तोकेको छ। लमही-कोइलाबास र कालाकाटे सिक्टा सडकखण्डको दायाँ बायाँ एक सय मिटर व्यापारिक क्षेत्र, त्यस व्यापारिक क्षेत्रदेखि ५० मिटरभित्रको स्थल आवासीय क्षेत्र।

मुख्य सडकबाट गाउँ जोडिएको सडकदेखि भित्र एक सय मिटरको क्षेत्रलाई आवासीय स्थल तोकेको छ। यसबाहेक अन्य स्थानलाई कृषि क्षेत्र तोकेर गढवा गाउँपालिकाले विकासको मोडेल तयार पारेको छ। 'योजनाबद्धरूपमा काम अघि बढाउँदा त्यसको प्रभावहरू देखिन्छन्। यसअघि हुँदै आएको जथाभावी विकास गर्ने कार्यलाई रोकेर प्लानिङका साथ गर्न खोजेका हौं'- गढवा गाउँपालिकाका अध्यक्ष सहजराम यादवले भन्नुभयो- 'हामीले एक वर्षमा बृहत् विकासका योजनाहरू तयार पारेका छौं। जसले गर्दा आगामी वर्षहरूमा काम गर्दा सजिलो होस्।'

स्थानीय तहमा जनप्रतिनिधि आइसकेपछि वार्षिक प्रगतिको समीक्षा शुरु भएको छ। दाङ जिल्लामा दुई उपमहानगरपालिका, एक नगरपालिका र सात गाउँपालिका छन्। गढवा गाउँपालिकाले एक वर्षको अवधिमा २२ वटा कानून निर्माण गरेको छ। यसको अतिरिक्त महत्वाकांक्षी योजना तर्जुमा गरेको छ। जुन गाउँपालिकाको विकास र यहाँ बसोबास गर्ने नागरिकहरूको जीवन पद्धतिमा बदलाव ल्याउने खालका छन्।

### गाउँपालिकाको मास्टरप्लान

गढवा गाउँपालिकालाई कस्तो बनाउने ? यहाँ बसोबास गर्ने नागरिकहरूको जीवनस्तर कसरी अहिलेको भन्दा माथि उठाउने ? गाउँपालिकाभित्रको विकास निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पशु, पर्यटन, सामाजिक विकासलगायतका योजनाहरू कस्ता हुने लगायतका विषयहरू समेटिएको एकीकृत विकास गुरुयोजना निर्माणको अन्तिम चरणमा पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्रबहादुर ओलीले जानकारी दिनुभयो। अहिले गुरुयोजनाको विस्तृत डिजाइनको काम भइरहेको छ।

एकीकृत विकास गुरुयोजनालाई प्राथमिकतामा राखेर योजना तर्जुमा गर्ने र सोहीअनुसार काम अगाडि बढाइनेछ। यसैगरी बसपार्कको डिपिआर, भवन निर्माण मापदण्ड पनि तयार हुँदैछ। 'पहिलो वर्षमा विकासको गुरुयोजना बनाउने काम भएको छ। कानूनहरू पनि बनेका छन्। नागरिक, स्थानीय सरकार, प्रदेश, केन्द्र सरकारसहित दातृ निकायहरूको सहकार्यमा सञ्चालन गर्ने योजनाहरू छन्'- प्रमुख प्रशासकीय अधिकृत ओलीले भन्नुभयो- 'यो गाउँपालिकालाई रोल मोडेल बनाउने योजना अनुसार हामी अघि बढेका छौं।'

### स्वीमिङ पुलसहितको हरियाली पार्क

गढवा गाउँपालिकाले पाँच वर्षभित्र सम्पन्न गर्ने योजनाका साथ तीन स्थानमा हरियाली पार्कको योजना तयार पारेको छ। वडा नं. १ को जुगौनी, वडा नं. २ को डाँडागाउँ र वडा नं. ६ गढवामा दुई करोडदेखि पाँच करोडको लागतमा सम्पन्न हुने हरियाली पार्कको योजना निर्माण गरेको छ। वडा नं. १ जुगौनीमा २१ कट्ठा क्षेत्रफलमा दुई करोड ५० लाखको लागतमा मिनी चिडियाखाना, बाल उद्यान, स्वीमिङ पुलसहितको हरियाली पार्कको योजना बनेको हो।

वडा नम्बर २ मा २१ कट्ठा क्षेत्रफलमा दुई करोडको लागतमा र वडा नं. ६ मा एक बिगाह क्षेत्रफलमा पाँच करोडको लागतमा हरियाली पार्क बनाउने योजना बनेको छ। 'समुदायका नागरिक, स्थानीय सरकार, निजी क्षेत्र र दातृ निकायहरूसँग सहकार्य गरेर हरियाली पार्क बनाइनेछ'- प्रमुख प्रशासकीय अधिकृत ओलीले भन्नुभयो- 'भविष्यलाई सोचेर गाउँपालिकाले यस्ता महत्वाकांक्षी योजना बनाएको हो।'